# सिम्ता गाउँपालिका
SIMTA RURAL MUNICIPALITY
## गाउँ कार्यपालिकाको कार्यालय
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
राकम, सुर्खेत
RAKAM, SURKHET

प. सं. : २०७८/०७९
च. नं. :

कर्णाली प्रदेश, नेपाल
KARNALI PROVINCE, NEPAL


## सार्वजनिक निजी साझेदारीमा योजना सञ्चालन गर्नका लागि प्रस्ताव आहवानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : (२०७८/०८/०२)

यस गाउँपालिकाको मिति २०७८।०६।१९ गतेको बैठकले तपसिलको योजना सार्वजनिक निजी साझेदारीको अवधारणा बमोजिम सञ्चालन गर्न निर्णय गरेकोले योग्यता पुगेका प्रस्तावदाता तथा सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रस्ताव पेश गर्ने सम्बन्धी सामान्य प्रकृया तथा शर्तहरु यस प्रकार रहेका छन :

१) इच्छुक तथा योग्य व्यक्ति/कम्पनी/फर्म/संस्थाहरुबाट सिम्ता गाउँपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०७८ को दफा १९ तथा सार्वजनिक निजी साझेदारी नियमावली, २०७८ को नियम १६ बमोजिम तोकिएको शर्तहरुको अधीनमा रही प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

२) सिम्ता गाउँपालिकाले उल्लेखित आयोजनाहरुको कार्यान्वयन सार्वजनिक निजी साझेदारीका मूल्य मान्यता वमोजिम गर्नेछ । सिम्ता गाउँपालिकाको सार्वजनिक निजी साझेदारी ऐन तथा नियमावली २०७८ अनुसार परियोजनाको डिजाइन, निर्माण तथा सञ्चालनको लागि स्वीकृति प्रदान गरिनेछ ।

३) प्रस्ताव आहवान सम्बन्धी कागजात सिम्ता गाउँपालिकाको कार्यालय, मिति २०७८।०८।१६ गतेसम्म कार्यालय समय भित्र रु ३०००।- (फिर्ता नहुने) बुझाई खरिद गर्न सकिनेछ ।

४) प्रस्ताव पेश गर्ने अन्तिम मिति २०७८/०८/१६ गते दिनको १२:०० बजेसम्म रहनेछ । प्राप्त प्रस्तावहरुको प्राविधिक प्रस्ताव सोही दिन १:०० बजे खोलिनेछ । प्रस्ताव खोल्ने क्रममा प्रस्तावदाताका प्रतिनिधि उपस्थित हुन सक्नेछन् तर निजहरुको अनुपस्थितिले मात्र प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

५) प्रस्ताव मूल्याङ्कनका आधारहरु तथा साझेदारीका शर्तहरु प्रस्ताव आहवान सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुनेछ । प्रस्ताव आहवान सम्बन्धी कागजातहरु यस कार्यालयको वेबसाईट **www.simtamun.gov.np** बाट डाउनलोड गरी हेर्न वा यस गाउँपालिकामा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ । प्रस्तावदाताको योग्यता तथा प्रस्ताव मूल्याङ्कनका आधारहरु प्रस्ताव सम्बन्धी कागजातमा उल्लेख भए वमोजिम हुनेछ

६) यस सूचनामा उल्लेख नभएका अन्य विषयहरु सिम्ता गाउँपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, तथा नियमावली, २०७८ मा उल्लेखित प्रावधानको आधारमा तयार भएको प्रस्ताव आहवान सम्बन्धी कागजातमाउल्लेख भए अनुसार तथा सा.नि.सा. सम्बन्धी नेपाल सरकारको प्रचलित कानुन वमोजिम हुनेछ ।

दीप बहादुर राना
प्रमुख प्रशासकीय अधिकृत

सिम्ता गाउँपालिका
SIMTA RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
राकम, सुर्खेत
RAKAM, SURKHET

प. सं. : २०७८/०७९ कर्णाली प्रदेश, नेपाल
च. नं. : KARNALI PROVINCE, NEPAL

७) समय सीमा नाघी प्राप्त भएका तथा कुनै शर्तहरु राखी पेश भएका प्रस्तावहरु मान्य हुने छैन । गाउँपालिकाले पूर्व जानकारी वेगर कुनै पनि प्रस्ताव को प्रकृया रद्ध गर्न सक्नेछ भने कुनै प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८) प्रस्तावको म्याद १२० दिन हुनेछ । प्रस्ताव जमानत सम्बन्धी अन्य प्रकृया प्रस्ताव सम्बन्धी कागजातमाउल्लेख भए बमोजिम हुनेछ ।

तपसिल

| क्र.सं. | प्रस्ताव नं. | आयोजनाको नाम | सम्झौताको लागि प्रस्तावित अवधि | प्रस्ताव बापतको जमानत र म्याद |
|---|---|---|---|---|
| १ | ०१/सा.नि.सा./०७८-७९ | वडा नं. ६, दमार ९९९ कि.वा. पीक क्षमताको ग्रीड कन्नेक्टेड सोलार परियोजनाको निर्माण तथा सञ्चालन | २५वर्ष | १ लाख(१२०दिन) |

(टोप बहादुर राना)
नि. प्रमुख प्रशासकिय अधिकृत

टोप बहादुर राना
नि. प्रमुख प्रशासकीय अधिकृत